# दृष्टि सम्बन्धी अपाङ्गता भएका शिशुका खेलौना बारे सामान्य उपायहरू

## आवाज तथा बास्ना

गीत सङ्गीत सुन्न सकिने साना बाजाहरू (जस्तैः पियानो खेलौना), छामेर पत्ता लगाउन सकिने विविध आकार-प्रकार तथा फरक-फरक बुट्टाहरू भएका कम्बलहरू, वा विभिन्न फरक सुगन्धयुक्त मसलाहरूको प्रयोगले बालबालिकाको इन्द्रीय विकासमा सहयोग पुर्याउँदछ।

## विविध तहहरू

यस प्रकारका खेलौनाहरूमा बाकसहरू, घनाकारहरू अथवा अन्य कुनै खप्टाएर राख्न सकिने सामाग्रीहरू पर्दछन् ।

## अन्तरक्रियात्मक अभिनय खेल

गुडिया, जनावरका स्वरूप भएका खेलौनाहरू, तथा घरायसी सामाग्रीहरू, जस्तै चम्चा र कपहरूलाई बालबालिका र अभिभावकहरू बीच अन्तरक्रियात्मक अभिनय खेलहरूमा संलग्न गराउन प्रयोग गर्न सकिन्छ ।

## खोल्ने र बन्द गर्ने, बाहिरिने र भित्रिने, सुचारु र अवरोध, माथि र तल

बिर्को सहितको बोतल, आकृति छुट्याउने खेलौनाहरू र देखिएन देखिएन देखियो (कु कु हा) जस्ता खेलहरूले बालबालिकामा सिकाइ अवधारणाहरू विकास गर्न सहयोग पुर्याउँदछ।

## चाल तथा गतिशिलता

धकेल्ने खेलौनाहरू, झुन्ड्याउने खेलौनाहरू, बलहरू र बालबालिकाहरू उफ्रिन मिल्ने गद्दाहरूले बालबालिकालाई गति तथा चाल एवम् स्थानिक सचेतना बुझ्न मद्दत गर्दछ।

## साक्षरता

घरमै बनाइएका छामेर वा स्पर्शको माध्यमबाट पढ्न सकिने खालका किताबहरू, बाल गीत तथा सङ्गीतहरू, श्रव्य बालपुस्तकहरू र बालबालिकालाई पढेर सुनाउँदा साक्षरता सम्बन्धी सिपहरू विकास गर्न प्रोत्साहित गर्दछ।

दृष्टि सम्बन्धी अपाङ्गता भएका बालबालिकाले वरिपरिको बारे दैनिक कार्यहरूमा वास्तविक वस्तहरू प्रयोग गरेर सिक्दछन् । यी उपायहरूले तपाईँलाई केही खेलौना नकिनि नै उनीहरूसँग खेल्न रचनात्मक तरीकाहरू पत्ता लगाउन सहयोग गर्दछ ।

**यो इन्फोग्राफिक पर्किन्स स्कूल फर ब्लाइन्डका टी.वी.आई, एमी टैंगो-लिमेटकइ, एम.एड,द्वारा लेखिएको “दृष्टि सम्बन्धी अपाङ्गता भएका शिशुका खेलौना” बाट अनुकूल गरिएको हो ।**
**डिजाइनः आँड्री ह्विटल**
**अनुवादः युनिसेफ**
**© २०२० पर्किन्स स्कूल फर ब्लाइन्ड.**

unicef for every child

Perkins SCHOOL FOR THE BLIND INTERNATIONAL